आज मिति २०७४।०६।२९ गतेका दिन प्रमुख प्रशासकीय अधिकृत श्री भोजराज खतिवडाज्यूको अध्यक्षतामा स्टाफ मिटिङ्ग बसी देहाय बमोजिम छलफल एवं निर्णय गरियो ।

**<u>बैठकका निर्णहरु :</u>**

१. यस सिद्धिचरण नगरपालिकाको वडा नं. १ देखि १२ सम्मका प्रत्येक वडामा नगरपालिकामा रहेका प्रशासन तर्फका कर्मचारीहरुलाई प्राथमिकताका साथ खटाउने, प्रशासन तर्फका कर्मचारीहरुले अपुग हुँदा अर्को व्यवस्था नभएसम्मका लागि नगरपालिकामा हाजिर भएका जुनसुकै सेवाका कर्मचारीहरुलाई वडाको वडा सचिवको कामकाज गर्ने थप जिम्मेवारी दिने तथा अन्य सेवाका कर्मचारीहरु पनि अपुग हुँदा प्रत्येक वडामा सामाजिक परिचालकहरुलाई पनि प्रशासनिक कामकाज गर्न सहयोगि भूमिका खेल्नको लागि वडा कार्यालयमा खटाईने हुँदा सबै कर्मचारीहरुले तोकिएको जिम्मेवारी पुरा गर्नको लागि सहयोगात्मक भूमिका निर्वाह गर्ने निर्णय गरियो ।

२. यस सिद्धिचरण नगरपालिकामा समायोजन गर्न कार्यक्रम सहित आएका विषयतगत कार्यालयहरुको स्वीकृत कार्यक्रम तयार गरी सो कार्यक्रमको नियमितरुपमा अनुगमन गर्ने व्यवस्था मिलाउन विषयगत शाखाको तोकिएको प्रमुखले कार्ययोजना अनुसार पहिलो हप्ताबाट कामकाज अगाडि बढाउने व्यवस्थाको प्रतिवेदन कार्यकारी समक्ष पेस गरी अगाडि बढाउने भनि निर्णय गरियो ।

३. विषय नं. २ (ख) माथि छलफल गर्दा कार्यालयले वडाको अध्ययन भ्रमण गरी वडा कार्यालयलाई व्यवस्थितरुपमा सञ्चालन गर्न भौतिक संरचना समेतको सुधार गर्न आवश्यक व्यवस्था मिलाउने भनि निर्णय गरियो ।